दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १०४ | बुटवल | २०८१ चैत २८, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Apr. 10, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# अन्तर्राष्ट्रिय उडान माग्दै चरणबद्ध आन्दोलनको घोषणा

**तत्काल नियमित उडान सुचारुसहित १५ बुँदे मागमा आन्तरिक उडानमा मन्त्री र प्रधानमन्त्रीलाई विमानस्थल प्रवेशमा रोक लगाउने सम्मतीन चरणको आन्दोलन घोषणा भएको छ।**






**मोहम्मद हबिब**

*भैरहवा*

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडानका तालिका हटेपछि निजी क्षेत्र निराश भइ आन्दोलनको तयारीमा छन्।

विमानस्थललाई लक्षित गरी निजी क्षेत्रले गरेको अर्बौं लगानी डुब्ने भएपछि यस क्षेत्रका उद्योगी व्यवसायीहरुले संयुक्त रुपमा आन्दोलनको घोषणा गरेका हुन्।

अन्तर्राष्ट्रिय उडान पुनः नियमित सुचारुको माग राख्दै सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देही, सिद्धार्थ सञ्जाल रुपन्देही र चेम्बर अफ कमर्स, रुपन्देही (उद्योग व्यापार संगठन, रुपन्देही) ले चरणबद्ध आन्दोलनका कार्यक्रमहरुको घोषणा गरेका हुन्। उनीहरुले संघर्ष समिति नै बनाएका छन्।

समितिले तत्काल नियमित उडान सुचारुसहित १५ बुँदे माग राखेको छ भने आन्तरिक उडानमा मन्त्री र प्रधानमन्त्रीलाई विमानस्थल प्रवेशमा रोक लगाउनेसम्मको तीन चरणको आन्दोलन घोषणा गरेका छन्। सरकारले विमानस्थल सञ्चालनका लागि चासो नदिएकोले अल्टीमेटम, विरोध प्रदर्शन, शान्तिपूर्ण ऱ्याली, धर्ना र विरोध सभा, मन्त्रालयका मन्त्री र कर्मचारीलाई प्रवेश निषेध र आन्तरिक उडान नै बन्द गर्ने कार्यक्रम संयुक्त समितिले सार्वजनिक गरेको छ। पटक-पटकको आन्दोलन पछि विमानस्थल पूर्ण क्षमतामा सञ्चालनको माग गरिरहेको निजी क्षेत्रले केही दिन उडान गरेपनि रोकिए पछि चरणबद्ध आन्दोलन घोषणा गर्नुपर्ने बाध्यता आएको बताएको छ। काठमाडौं विमानस्थल मर्मतको समयमा यता डाइभर्ट गरे अहिले फेरि सबै उडान काठमाडौं केन्द्रित गरेकोले यहाँको एयरपोर्ट चलाउने मनसाय नै नरहेको बताए।

पहिलो चरणको आन्दोलनका कार्यक्रम अन्तर्गत रुपन्देहीमा रहेका विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधिका साथै संघ र प्रदेशमा निर्वाचित जनप्रतिनिधिहरुसँग छलफल गरी प्रतिबद्धता लिने, सम्बन्धित एअरलाईन्सका प्रमुखसँग छलफल गर्ने, सम्पूर्ण संघ-संस्था, राजनीतिक दल, आम सर्वसाधारण, जनप्रतिनिधिलगायत हजारौंको संख्यामा उपस्थिति भइ विमानस्थल अगाडि अल्टिमेटम दिदै शान्तिपूर्ण विरोध, प्रधानमन्त्री, पर्यटन, अर्थ, श्रम, स्वास्थ्य मन्त्रीलगायत सम्बन्धित मन्त्रालयका सचिव र नेपाल वायूसेवा निगमका प्रमुखहरुसँग अल्टिमेटम दिँदै यदी विमानस्थलबाट उडान नभए आन्दोलनको कार्यक्रमको बारेमा ध्यानाकर्षण गराइने सिद्धार्थ सञ्जालका अध्यक्ष तथा संयोजक अनिलकुमार ज्ञवालीले जानकारी दिए।

त्यसै गरी कालोपट्टी बाँधेर दबाबमूलक विरोध प्रदर्शन तथा शान्तिपूर्ण ऱ्याली प्रदर्शन तथा बजार परिक्रमा गरिने , मागको सुनुवाइ नभए दोस्रो चरणको आन्दोलनअन्तर्गत विमानस्थलको गेट अगाडि नियमित धर्ना तथा विरोध सभा र यति गर्दा पनि अन्तर्राष्ट्रिय उडान सुचारु नभए आन्तरिक र बाह्य विमानस्थलको अगाडि विरोध गरिने, सम्बन्धित मन्त्रालयका मन्त्री र कर्मचारीहरुलाई विमानस्थल प्रवेश निषेध गर्दै कालो झण्डा देखाउने, र आन्तरिक विमानस्थलबाट आगमन प्रस्थान बन्द गर्नका लागि सम्बन्धित पक्षलाई टिकट नकाट्नका लागि आह्वान र विमानस्थल गेटमा शान्तिपूर्ण प्रदर्शन गरी आवातजावत समेत बन्द गर्ने लगायतको आन्दोलनको कार्यक्रम तय भएको सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष नेत्रप्रसाद आचार्यले बताए।

शान्तिपूर्ण विरोधका कार्यक्रमले उग्र रुप लिएमा त्यसको जिम्मा नेपाल सरकारको हुने भन्दै समितिले यति गर्दा पनि हाम्रो माग गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलाट अन्तर्राष्ट्रिय उडान नभएमा पुनः तेस्रो चरणको आन्दोलनको घोषणा गर्न बाध्य हुनेगरी अल्टीमेटम दिएको छ।

विगतमा सरकारले विमानस्थल सञ्चालन गर्ने प्रतिबद्धता जनाएपछि आफूहरुले आन्दोलन स्थगित गरे पनि सरकारले गरेको प्रतिबद्धता पूरा नगरेसम्म आन्दोलन नियमित रुपमा गरिने समितिको निर्णय रहेको उद्योग व्यापार संगठनका अध्यक्ष दर्पण श्रेष्ठले बताए ।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष आचार्यले राज्यले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई डाइभर्सनको रुपमा जस्तै प्रयोग मात्र गरेको बताए। उनले अबको आन्दोलनलाई निर्णायक बनाउने गरी अघि बढ्ने बताउँदै लुम्बिनी प्रदेशका सम्पूर्ण निजी क्षेत्रलाई समेटेर अघि लाग्नु पर्ने जनाए।

» बाँकी ३ पेजमा

## अर्घाखाँची देवभूमि हो : प्रधानमन्त्री



**लुम्बिनी संवाददाता**

*अर्घाखाँची*

प्रधानमन्त्री केपी शर्मा ओलीले अर्घाखाँचीलाई ध्यान, ज्ञान र देवभूमिको रूपमा परिभाषित गर्दै यही भूमि विश्वव्यापी ज्ञानको सुरुवात गर्ने ठाउँ भएको बताएका छन्।

अर्घाखाँचीमा 'पाणिनी तपोभूमि सम्मेलन'को उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले पाणिनिको जन्मस्थान अर्घाखाँचीको पाणिनीमा भएकोमा कुनै शंका नरहेको बताए।

'विश्वका व्याकरणका पिता पाणिनी यही भूमिमा जन्मनु भएको हो, यो भूमि पावन छ, पुण्य छ, देवभूमि हो, यहाँबाटै ज्ञानको सुरुवात भयो,' प्रधानमन्त्री ओलीले भने-'ऋषिहरू ध्यान र तपस्याको लागि उपयुक्त भूमि खोज्थे, शिवका डमरुको ध्वनि सुनेर व्याकरण सृजना गर्ने पाणिनिको साधना यहीँ भएको हो।'

पाणिनीको योगदान असाधारण रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले अष्टाध्यायीमार्फत् संस्कृत व्याकरणको ३ हजार ९ सय ५९ सूत्र निर्माण गरिएको र ती सूत्रहरू आजको आधुनिक प्रविधि, विशेषगरी कृत्रिम बौद्धिकता (एआई) विकासमा समेत प्रयोग भैरहेको बताए। 'पाणिनिको व्याकरणपछि भाषा सरल बन्दै गयो, छन्दको सुरुवातसँगै संगीत र लयको विकास भयो,' उनले भने-'पाणिनिले मात्र नभई शिव, श्रृंग्य ऋषि, पतञ्जलि र अन्य महर्षिहरूको तप, साधना, योग, आयुर्वेद र ज्ञान साधनाको केन्द्र पाणिनीको प्रचारप्रसार गरी धार्मिक तथा पर्यटकीय स्थलको रूपमा विकास गर्ने जिम्मा सरकारले लिन्छ।' नेपाल सरकारले यस क्षेत्रको विकासको लागि ध्यान दिएको भन्द्र उनले धार्मिक र पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने बताए। कार्यक्रममा मुख्यमन्त्री चेतनारायण आचार्य, प्रतिनिधिसभा सदस्य चन्द्र भण्डारीलगायतले पाणिनीको विकासमा सरकारको ध्यान जानुपर्नेमा जोड दिए।

पाणिनी गाउँपालिका, रैनादेवी छहरा गाउँपालिका, पर्यटन विकास परिषद लुम्बिनी र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा सुरु भएको सम्मेलन दुई दिनसम्म चल्ने छ। सम्मेलनमा प्रधानमन्त्री ओलीसहित, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवाली, नेपाली कांग्रेसका नेता डा. चन्द्र भण्डारी र पुष्पा भुसाल तथा लुम्बिनी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री प्रचण्डविक्रम न्यौपाने, धर्म गुरु तथा संस्कृत भाषाका विद्वान् ज्ञानानन्द सरस्वतीलगायत भाषाविद्हरुको उपस्थिति रहेको छ।

## खुमबहादुरको जग्गा जफत हुने

बुटवल। नेपाली कांग्रेसका दिवंगत नेता खुमबहादुर खड्काको सानेपास्थित जग्गा जफतको प्रक्रिया अघि बढाइएको छ।

कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले खड्काको सानेपास्थित जग्गा जफतको प्रक्रिया अघि बढाएको हो। विभागका महानिर्देशक सुरेश पन्थीले सर्वोच्च अदालतको आदेश अनुसार जग्गा जफतका लागि प्रक्रिया अघि बढाइएको बताए।

'मालपोतबाट कागजात मगाएर प्रतिवेदन तयार पार्दैछौं,' पन्थीले भने-'अबको केही दिनमा मन्त्रालयमा पेश भएपछि गृहमन्त्रीज्यूले निर्णय गरेपछि जग्गा जफत हुन्छ।'

सर्वोच्च अदालतका तत्कालीन न्यायाधीशद्वय कल्याण श्रेष्ठ र वैजनाथ उपाध्यायको इजलासले ३० साउन २०६९ मा पूर्वमन्त्री खड्कालाई भ्रष्टाचार कसुरमा दोषी ठहर गर्दै जग्गा जफत गर्ने फैसला सुनाएको थियो।

उनको सानेपा रहेको १ करोनी ६ आनाभन्दा बढी जग्गा जफत गर्नुका साथै २० लाख ५६ हजार ९८७ रुपैयाँ असुल उपर गर्नुपर्ने फैसलामा भनेको थियो। साढे २० लाख भने असुल उपर भइसकेको छ।

## ८ महिनामा साढे १० खर्ब माथि रेमिट्यान्स

बुटवल । चालु आर्थिक वर्ष २०८१/८२ को ८ महिना (साउन-फागुन) अवधिमा साढे १० खर्बमाथि रेमिट्यान्स भित्रिएको छ। नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीयस्थिति प्रतिवेदनअनुसार फागुन मसान्तसम्म १० खर्ब ५१ अर्ब ७७ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ। यो गत आव २०८०/८१ को तुलनामा ९.४ प्रतिशत बढी हो।

रेमिट्यान्स बढी भित्रिए पनि वृद्धिदरमा भने यस वर्ष कमी आएको छ। गत आव यसै महिना १८.३ प्रतिशतले विप्रेषण आप्रवाह बढेको थियो। अमेरिकी डलरमा रेमिट्यान्स ६.९ प्रतिशतले बढेको छ। डलरमा ७ अर्ब ७४ करोड रेमिट्यान्स आएको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १६.१ प्रतिशतले बढेको राष्ट्र बैंकको तथ्यांक छ।

यो अवधिमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या भने बढेको छ। राष्ट्र बैंकका अनुसार ८ महिनामा अन्तिम श्रम स्वीकृति लिनेको संख्या ३ लाख १७ हजार ६८ छ। गत वर्ष यो संख्या २ लाख ८५ हजार ३ सइ ५२ थियो।

पुनः श्रम स्वीकृति लिनेको संख्या यस वर्ष २ लाख १७ हजार ४ सय ३ छ। गत वर्ष यो संख्या १ लाख ८२ हजार ७ सय ८३ थियो। राष्ट्र बैंकका अनुसार फागुन मसान्तसम्म खुद द्वितीय आय ११ अर्ब ४८ अर्ब १२ करोड छ। अघिल्लो वर्ष यस अवधिमा यो आय १० खर्ब ४१ अर्ब थियो।

## सरकारको कामको गति कम भयोः गगन




बुटवल। नेपाली कांग्रेसका महामन्त्री गगन थापाले २०७४ मा बनेको केपी शर्मा ओली नेतृत्वको नेकपा सरकारले नचाहिने ठाउँमा जथाभावी लगानी गर्दा मुलुकको ऋण बढेको बताएका छन् । रुपन्देहीको देवदहमा पार्टीले गरेको कार्यक्रमलाई सम्बोधन गर्दै थापाले विदेशबाट ऋण लिएको अर्बौं रकम भ्यू टावर र पालिकापिच्छे अस्पताल भवनमा लगानी गर्दा ऋण बढेको र अर्थतत्र समस्यामा परेको टिप्पणी गरे। 'ऋण लिएर घ्यु खाने डुब्छ, २०७४ मा नेकपा सरकारले त्यस्तै गऱ्यो,' थापाले भने-'नचाहिने ठाउँमा भ्यू टावर र हरेक पालिकामा अस्पताल बनाउन भन्दै ऋण लिएको पैसा खर्च भयो, त्यो सब अनुत्पादक भयो।'

थापाले अहिले इतिहासमै सबैभन्दा बढी रकम बैंकहरुमा थुप्रिएको, तर व्यवसायी सबै टाट पल्टिएकाले कर्जा प्रवाह हुन नसकेको टिप्पणी समेत गरे। अर्थतन्त्रमा ठूलो समस्या रहेको भन्दै थापाले कृषि प्रधान मुलुकमा ४ खर्बको कृषिजन्य खाद्यान्न,फलफू र तरकारी आयात हुनु ठूलो विडम्बना भएको बताए।

प्रधानमन्त्री ओली उद्घाटन, भाषण गर्न डुलेको टिप्पणी गर्दै थापाले डुल्ने, घुम्ने र भाषणमा भुल्दा सरकारको कामको गति कम भएको जनाए।

शिक्षकका माग बेलैमा सम्बोधन गरेको भए उनीहरु सडकमा आउने थिएनन् भन्दै थापाले ठीक ढंगले माग सम्बोधन गर्न आग्रह गरे।

पार्टीको महाधिवेशन २०८२ मंसिरमा हुन नसक्ने स्पष्ट पार्दै उनले तर २०८४ को आम निर्वाचन अगावै २०८३ मंसिर भित्र गरिसक्नुपर्ने बताए।

'२०८२ मंसिरमा महाधिवेशन हुनुपर्ने हो तर भनेकै मितिमा गर्नैपर्छ भन्ने छैन,२०८३ मंसिर भित्र त गर्नैपर्छ, त्यो भनेको २०८३ को बैशख जेठमा गर्न सकिन्छ।'-थापाले भने।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित गर

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्दै आएका तीन विमान कम्पनीले उडान स्थगित गरेपछि यहाँका व्यवसायी आक्रोशित भएका छन् । राज्य संयन्त्र नै गौतमबुद्ध विमानस्थलबाट उडान नियमित हुन नदिनका लागि सक्रिय भएको आशंका व्यवसायीलाई छ । र, उनीहरुले आन्दोलनको घोषणा गरेका छन् ।

झण्डै ४० अर्ब लगानीमा बनेको विमानस्थल नियमित नचल्दा राज्यलाई नोक्सानी परेको छ नै, विमानस्थल चल्ने विश्वासले लगानी गरेका व्यवसायीको लगानी जोखिममा परेको छ । गत कार्तिकदेखि थाई एयर एशिया, फ्लाई दुबई र जजीराले उडान सुरु गरेपछि उत्साहित भएका व्यवसायी अरु विमान कम्पनीले पनि उडान गर्छन् भन्ने विश्वासमा थिए । बौद्धमार्गी बाहुल्य मुलुकका विमान कम्पनीले पनि भैरहवा सिधैँ उडानमा रुची देखाइरहेको र सरकारले पनि पहल गरिरहेकोले थप उडान हुन्छ भन्ने विश्वास थियो । तर अहिले थप विमान कम्पनीले उडान गरेनन् । उडान शुरु गरेका कम्पनीले पनि स्थगित गरे ।

विमानस्थल चल्नका लागि यहाँ तत्काल श्रम स्वीकृतिको लागि कार्यालय आवश्यक पर्छ । मेडिकल जाँच, भिसा सेन्टर, कार्गो र विदेश पढ्न जाने विद्यार्थीको लागि नो अब्जेक्सन सर्टिफिकेट(एनओसी), ठूला ट्राभल एजेन्सीका कार्यालय स्थापना पनि हुनुपर्छ । ती कार्यालय नहुँदा सेवाग्राही काठमाडौं धाउनुपर्ने बाध्यता छ । विमानस्थलमा विमान आए तर विमानस्थल चल्नका लागि चाहिने कार्यालय स्थापनामा ढिलाइ हुनु गैरजिम्मेवार क्रियाकलाप हो । मुलुकमा संघीय शासन प्रणाली स्थापना भइसकेको छ तर केन्द्रीकृत राज्य संरचनाको मनोविज्ञान बदलिन नसक्दा शासन प्रणाली संस्थागत हुन सकेको छैन । काठमाडौं केन्द्रीत मनोविज्ञानले पनि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा बाधा पुगेको छ ।

भैरहवा विमानस्थलबाट चढ्ने यात्रु पर्याप्त हुन नदिन काठमाडौं केन्द्रीत ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरेका, एयरलाइन्स कम्पनीहरुले भैरहवामा सम्पर्क कार्यालय नखोलेका र स्थानीय ट्राभल एजेन्सीलाई टिकट बेच्न नदिएकाले पनि विमानस्थल चल्न नदिन सेटिङमा काम भइरहेको भन्ने व्यवसायीको दाबी छ । व्यवसायीले लगाएको आरोपमा सत्यता छैन भन्ने तथ्य कसैसँग छैन् ।

विमानस्थल चलाउनका लागि सरकारले कार्ययोजना बनाएर काम गर्नुपर्छ । पहिलो अहिले स्थगित गरेका कम्पनीलाई पुनः उडान शुरु गराउन पहल गर्ने, दोस्रो बौद्धमार्गी बाहुल्य मुलुकबाट उडान नियमित गर्न पहल लिने, तेस्रो भारतसँग नयाँ हवाई रूट लिन पहलकदमी लिने ।

यी तीन कामलाई पूर्णता दिन सकेमात्रै विमानस्थल नियमित चल्ने आधार बन्न सक्छ । लुम्बिनीले मुलुकको समृद्धिको नेतृत्व गर्नसक्छ । पर्यटक आगमन बढाएर मुलुकले प्रयाप्त लाभ लिने अवसरलाई सदुपयोग गर्न ढिलाई नगरौं ।

# दलीय एकता : आजको आवश्यकता !



नगेन्द्रराज पौडेल

व्यवस्था आफैंमा केही होइन । यसका सञ्चालक महत्वपूर्ण हुन् । यसर्थ वर्तमानमा देखिएका राजनीतिक परिदृश्यले गणतन्त्रमाथि नै खतरा आउन सक्छ । संघीयतामाथि नै प्रश्न खडा हुन सक्छ । व्यवस्थाका सारथिहरू र खासगरी संघीय गणतन्त्रका पक्षधर व्यवस्था जोगाउन लाग्नुपर्ने देखिन्छ । व्यवस्था रह्यो भने मात्र सबैको राजनीतिक भविष्य सुनिश्चित हुने हो । गणतन्त्रको विकल्प भन्नै राम्रो गणतन्त्र मात्र हो । नभुलौं, मैदान रहे मात्र फुटबल खेल्न सकिन्छ । यसका लागि गणतन्त्रवादीहरूबीचका दलीय एकता आजको आवश्यकता हो । जसरी विगतमा सबै दल मिलेर गणतन्त्र र संविधान स्थापित गरे, आज तिनै दलहरू मिलेर यसको रक्षा गर्न जरुरी छ ।

देशमा यतिबेला गैरसंवैधानिक हर्कतहरू बढिरहेका छन् । लोकतन्त्रमा वाक् स्वतन्त्रता हुन्छ तर यसका नाममा देखिने छाडातन्त्र किमार्थ पाच्य हुँदैन । लोकतन्त्रमा पारदर्शिता हुन्छ र पारदर्शिताको सीमा छ्याङ्ङै हो ह्वाङ्ङै होइन भन्ने पनि बुझ्न जरुरी छ । जसलाई जे मन लाग्यो त्यही बोल्नु वा प्रचलित कानुनले वर्जित गरेको विषयका लागि ढिपी गरिनु लोकतन्त्र होइन । यसका पनि आफ्नै सीमा र मान्यता छन्, जसको पालना गर्नु हरेक नागरिकको कर्तव्य हुन्छ ।

**राजाको हाउगुजी**

अघिल्लो महिना पूर्वराजा ज्ञानेन्द्र शाहले आफूलाई साथ दिन आह्वान् गरे । एकथरीले यही विषयलाई लिएर 'राजा आऊ देश बचाऊ'को नारा लगाए । प्रधानमन्त्री केपी शर्मा ओलीले देशलाई के भएको छ र बचाउने ? भनी प्रश्न गरे । पूर्वराजावादीका नाममा राजा ल्याउने समिति नै बन्यो । उनीहरूले गत १५ चैतमा आन्दोलनको तयारी गरे । यद्यपि नाम अर्कै दिए । आन्दोलनकारीले केही मानिसलाई मैदानमा उतारे । सुरक्षाकर्मीले केहीलाई पक्राउ ग-यो । अप्रिय घटना पनि घट्यो । राजधानीमा दुई जनाको ज्यान नै गयो । आन्दोलनका कमान्डर भनिएका मेडिकल व्यवसायी दुर्गा प्रसाई फरार रहे ।

गत २४ फागुनमा पूर्वराजा शाह पोखराको लामो बसाइ सकेर काठमाडौं फिर्ती हुँदा उनको स्वागतमा देखिएको तामझाम र सडक ऱ्यालीमा लगाइएका नारा प्रचलित संविधानका प्रतिकूलका थिए । विचार स्वतन्त्रता लोकतान्त्रिक राज्य व्यवस्थाको मौलिक हकभित्र पर्ने भएकाले राज्य पक्ष यी सबै क्रियाकलापमा अहस्तक्षेपको नीति अख्तियार गऱ्यो । धेरैलाई यो कुरा पाच्य पनि भएन । संविधानले नचिन्ने, गैरसंवैधानिक पद दिनु र असंवैधानिक नारा लगाउनु जायज थिएन । यसको जवाफमा नेकपा माओवादीको अग्रसरतामा गणतन्त्रका पक्षधरले सोही दिन भृकुटीमण्डपमा सभा गरे । सभाले गणतन्त्रलाई थप बलियो बनाउनुपर्नेमा जोड दियो ।

**संविधानसभा र गणतन्त्रको यात्रा**

हामीकहाँ तत्कालीन नेकपा माओवादीको १० वर्षे जनयुद्ध र सात राजनीतिक दल तथा नेकपा माओवादीबीच भएको सहमति, २०६२ -०६३ मा भएको १९ दिने जनआन्दोलनसमेतका आधारमा संविधानसभामार्फत ३ असोज २०७२ मा संघीय लोकतान्त्रिक राज्य व्यवस्थासहितको गणतान्त्रिक संविधान जारी गरिएको हो । २ सय ४० वर्ष राज गरेको एकात्मक राजतन्त्रात्मक राज्य व्यवस्थालाई राष्ट्रपतीय प्रणाली अंगीकार गरेको गणतन्त्रात्मक संघीय व्यवस्थाले प्रतिस्थापन गरेको हो । बिनारक्तपात राजतन्त्र बिदाइ भएको गौरवमय इतिहास हाम्रासामु छ । यस्तो परिवर्तन संसारका अन्य देशमा विरलै मात्र देख्न पाइन्छ ।

गणतन्त्र जनतालाई सर्वोपरि ठान्ने उत्तम व्यवस्था हो । यसकारण नेपाल, चीनलगायत भारत, अमेरिकासमेत विश्वका १ सय ५९ देशमा गणतान्त्रिक व्यवस्था छ । हाम्रो गणतन्त्रले डेढ दशक पार गरिसकेको छ । विगतमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका लागि पटकपटकका पुस्ताले आन्दोलन गरेकाले ती आन्दोलन, आन्दोलनका मिति र उपलब्धिको ऐतिहासिक महत्व छ । ती उपलब्धिलाई सुरक्षित राख्न र तिनका भावना आत्मसात् गरी सोहीअनुरूप चल्न सकेमा मात्र गणतन्त्र सार्थकता सिद्ध हुन्छ । गणतन्त्रको उद्देश्य प्राप्तिका लागि अग्रसर हुन सकेमा मात्र सो आन्दोलनमा योगदान दिएका सबैको सम्मान हुन सक्छ । यसो हुँदा गणतन्त्रको विकल्पमा जनता सडकमा गएको देख्न पर्नेछैन । गणतन्त्रका विरुद्ध नाराबाजी सुनिनेछैनन् ।

**विगत यस्तो थियो**

संविधानसभा गणतन्त्रको प्रारूप थियो । सिधै गणतन्त्र भन्न नसकेरै होला, संविधानसभाबाट संविधान बनाउने चर्चा २००७ सालदेखि सुरु भयो । राजा त्रिभुवन र महेन्द्र दुवैले जनताको यो सपना पूरा हुन दिएनन् । वीरेन्द्र वंशनाशको सिकार भए । २०४६ को आन्दोलनमा पनि गणतन्त्रले प्रवेश पाएन । निर्दलीयता हटाउनुमा नै राजनीतिक शक्तिले उतिबेला आफ्नो ठूलो उपलब्धि ठाने । पछि तत्कालीन संयुक्त जनआन्दोलनका तर्फबाट डा. बाबुराम भट्टराईले १० बुँदे मागसहित पुनः संविधानसभाको कुरा उठाए । डा. भट्टराईको संविधानसभाको अन्तर्य गणतन्त्रको पूर्वाभ्यास थियो । तर, पूरा हुन पाएन । अन्ततः राजाद्वारा गठित शाही आयोगले तयार गरेको नेपाल अधिराज्यको संविधान, २०४७ जारी गरियो । कतिपय राजनीतिक दलहरूले यो संविधानलाई विश्वकै उत्कृष्ट संविधान भनी प्रशंसा गर्न थाले भने संयुक्त जनमोर्चा नेपालका नामबाट डा. बाबुराम भट्टराईसमेतले २१ माघ २०५२ मा ४० बुँदे माग पेस गरे । संविधानसभाको एजेन्डा पनि यसमा प-यो ।

१ फागुन २०५२ बाट जनयुद्ध सुरु भयो । राजा ज्ञानेन्द्रले १८ असोज, १९ माघ २०५९ हुँदै प्रत्यक्ष शासन सुरु गर्नुभयो । अलिअलि भएको प्रजातन्त्रमा पनि 'कु' भयो । माओवादी र तत्कालीन सात दलका लागि ज्ञानेन्द्रको यो कदम एकताका लागि प्रेरक बन्यो । यी दुई शक्तिबीच कार्यगत एकताको ढोका खोल्यो । ७ मंसिर २०६२ मा सात दल र माओवादीबीच १२ बुँदे सम्झौता भयो । यो सम्झौताले संविधानसभाबाट संविधान निर्माण गर्ने माओवादीको यात्रालाई अनुमोदन गऱ्यो । ७ दल र माओवादीबीच २४ चैत २०६२ बाट संयुक्त रूपमा दोस्रो जनआन्दोलनको सुरु गरियो । २०६३ सालको ११ वैशाखमा आइपुग्दा दलहरूकै मागबमोजिम राजा ज्ञानेन्द्रद्वारा देशवासीका नाममा सम्बोधन गरी विगठित प्रतिनिधिसभा ब्युँताइयो । पुनःस्थापित प्रतिनिधिसभाको पहिलो बैठकले संविधानसभामार्फत संविधान बनाउने संकल्प प्रस्ताव पास गऱ्यो ।

५ मंसिर २०६३ मा माओवादीका तर्फबाट प्रचण्ड र सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबीच विस्तृत शान्ति सम्झौता भयो । माओवादीको आन्दोलनले औपचारिक विश्राम लियो । १ माघ २०६३ मा अन्तरिम संविधान बनाई जारी गरियो । १३ पुस २०६४ मा संसद् बैठकले लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा जाने संकल्प प्रस्ताव पास गऱ्यो । यसअघि संविधानसभाको निर्वाचनपूर्व नै गणतन्त्रको सुनिश्चितता गर्नुपर्ने मागसहित सरकारमा सहभागी माओवादी सरकारबाट बाहिरिइसकेको थियो । यहाँ पनि संविधानसभाले संविधान जारी गर्नुअगावै माओवादीको गणतान्त्रिक यात्राको थालनीलाई अरू दलले अनुमोदन नै गरी अघि बढे ।

न्दोलनसमेतलाई मध्यनजर गर्दै १६ फागुन २०६४ मा संघीयतामा जान दलहरू सहमत भए । सबै दल २८ चैत २०६४ मा तोकिएको संविधानसभा निर्वाचन सफल पार्न लागे । चुनाव भयो । १ करोड ७६ लाख ११ हजार ८ सय ३२ जना मतदातामध्ये ६१ दशमलव ७ प्रतिशत मतदाताले मतदान गरे । माओवादी पहिलो दल बन्यो । १५ जेठ २०६५ मा बसेको पहिलो संविधानसभाको बैठकद्वारा २ सय ४० वर्ष लामो इतिहास बोकेको राजतन्त्र फालियो । गणतन्त्रले संस्थागत स्वरूप लियो । २९ जेठ २०६५ का दिन ज्ञानेन्द्र शाह राजदरबारबाट बाहिरिनुभयो । बिनाहिच्चिकचाहट २ सय ४० वर्षे राजतन्त्रले आफ्नो विरासत गुमायो ।

**गणतन्त्रपछिका सकस**

३१ साउन २०६५ मा नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहल प्रचण्ड प्रधानमन्त्री बने । २० वैशाख २०६६ मा सरकारले सेनापति हटाउने निर्णय गऱ्यो । राष्ट्रपति रामवरणद्वारा निर्णय उल्टाइयो । सरकारले २१ वैशाखमा राजीनामा दियो । २९ जेठ २०६६ मा माधवकुमार नेपाल प्रधानमन्त्री बने । तर, संविधान बनेन । राजनीतिक दलहरूबीच पाँचबुँदे सहमति भई संविधानसभाको कार्यकाल १ वर्ष बढाइयो । २० माघ २०६८ मा पुनः झलनाथ खनाल प्रधानमन्त्री बने तर टिक्न सकेनन् । ११ भदौ २०६८ मा डा. बाबुराम भट्टराई प्रधानमन्त्री बने । प्रधानमन्त्री धेरै बने, संविधान बन्न सकेन । ९ मंसिर २०६८ मा सर्वोच्च अदालतबाट १४ जेठ २०६९ भन्दा पछि संविधानसभाको म्याद बढाउन नमिल्ने गरी आदेश भयो । संविधानसभाले मृत्युवरण गर्न पुग्यो ।

प्रधानमन्त्री डा. भट्टराईले मंसिरमा अर्को संविधानसभाको चुनावका लागि गरेको प्रस्तावको विरोध भयो । १ चैतमा प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा मन्त्रिमण्डल बन्यो । मोहन वैद्य समूह चुनावको विपक्षमा गयो । ४ मंसिर २०७० का दिन दोस्रो संविधानसभाको चुनाव भयो । १ करोड २१ लाख ४७ हजार ८ सय ६५ मतदातामध्ये ७८ दशमलव ७४ प्रतिशत मतदाताले मतदान गरे । २७ माघमा नेपाली कांग्रेसका सभापति सुशील कोइराला प्रधानमन्त्री बने । १४ चैत २०७० मा बसेको दोस्रो संविधानसभाको पहिलो बैठकबाट पहिलो संविधानसभाले यसअघि गरेका कामको स्वामित्व लिने निर्णय गऱ्यो । संविधान निर्माण हेतु यो निर्णय निकै उपयोगी साबित भयो ।

दलहरूबीच द्वन्द्व बढ्यो । १२ वैशाख २०७२ मा भूकम्प गयो । फेरि दलहरूलाई एकजुट भई संविधान निर्माण गरी जारी गर्न यो भूकम्प वरदान साबित भयो । २५ जेठमा प्रमुख दलबीच १६ बुँदे सहमति बन्यो । संविधान निर्माणको आधार तयार भयो ।

दोस्रो संविधान सभाले ३ असोज २०७२ का दिन संविधान जारी गऱ्यो । यो नै नेपालको इतिहासमा सार्वभौम जनताले बनाएको पहिलो संविधान थियो । ३५ भाग ३०८ धारा ९ अनुसूची रहेको यस संविधानको पक्षमा संविधानसभामा रहेका ६ सय १ सदस्यमध्ये ५ सय ७ को मतदान, २५ जना सभासद्को विपक्षमा मतदान, संविधानको मूलप्रतिमा हस्ताक्षर गर्ने सभासद् ५ सय ३७ जना र संविधानको प्रक्रियामा बहिष्कार गर्ने सभासद् ५७ जना रहेका थिए । यो संविधानले गणतन्त्रलाई थप बलियो र संस्थागत गऱ्यो ।

**जालझेल नहोस्**

हाम्रा लागि समावेशीसहितको संघीय गणतान्त्रिक व्यवस्थाको अभ्यास नयाँ हो । संविधानमा व्यवस्था गरिएअनुरूप नयाँ कानुनहरूको निर्माण, प्रशासनिक पुनःसंरचना तथा संघीयताको अभ्यासमा धेरै समय लाग्नु स्वाभाविक नै थियो । यसबीचमा नेपाली जनताका अपेक्षा धेरै नै थिए तर राजनीतिक एवं सत्ता नेतृत्वको कार्यशैली परम्परित नै देखिँदा जनतामा निराशा छाएको देखिन्छ । जनताका नाममा गरिने राजनीति र शपथ खाने पात्रहरूको चरित्र विगतभन्दा फरक देखिँदैन ।

खासगरी २०७४ सालको निर्वाचनले नेपाल कम्युनिस्ट पार्टीको नाममा झन्डै दुईतिहाइको बहुमत दिएको थियो । नेकपाको सरकार बने पनि आन्तरिक कलहकै कारण सरकार टिक्न नसकेको हो । विगतमा सत्तारूढ दलभित्रको आन्तरिक कलह राष्ट्रिय राजनीतिमा छताछुल्ल पोखिदा जनतामा निराशा छाएकै हो । सरकारका लागि समीकरण भत्काउने र बनाउने गर्दा सरकारको स्थायित्वमाथि प्रश्न खडा भएकै हो । प्रदेश सभाहरू पनि जनताको आकांक्षाअनुरूप चल्न नसकेका गुनासाहरू सुनिँदै आएका छन् । सरकार बनाउने, बदल्ने र यसका लागि सांसदले राजनीतिक अनुशासन तोडेका अनेकानेक दृष्टान्त देखिएका छन् ।

यिनै कारणले गणतन्त्रमाथि धावा बोल्नेहरूको आत्मबल बढेको छ । गणतन्त्रका विपक्षीको मनोबल बढाइरहेको छ । १६ वर्षे कलिलो वयमा गणतन्त्र अफाफसिद्ध बनाउन खोज्नेहरूका लागि थप बल मिलेको छ । याद रहोस् जतिसुकै राम्रो व्यवस्था पनि दक्ष सञ्चालकको हातमा पऱ्यो भने खराब परिणाति दिन्छ र जतिसुकै नराम्रो भनिएको व्यवस्था पनि कुशाग्र सञ्चालक परेको खण्डमा राम्रो परिणाम दिन्छ । उही कैंची मूर्खका हातमा पर्दा मान्छे मार्छ भने चिकित्सकका हातमा पर्दा मान्छे बचाउँछ । व्यवस्था आफैंमा केही होइन । यसका सञ्चालक महत्वपूर्ण हुन् । यसर्थ वर्तमानमा देखिएका राजनीतिक परिदृश्यले गणतन्त्रमाथि नै खतरा आउन सक्छ । संघीयतामाथि नै प्रश्न खडा हुन सक्छ । व्यवस्थाका सारथिहरू र खासगरी संघीय गणतन्त्रका पक्षधर व्यवस्था जोगाउन लाग्नुपर्ने देखिन्छ । व्यवस्था रह्यो भने मात्र सबैको राजनीतिक भविष्य सुनिश्चित हुने हो । गणतन्त्रको विकल्प भन्नै राम्रो गणतन्त्र मात्र हो । नभुलौं, मैदान रहे मात्र फुटबल खेल्न सकिन्छ । यसका लागि गणतन्त्रवादीहरूबीचका दलीय एकता आजको आवश्यकता हो । जसरी विगतमा सबै दल मिलेर गणतन्त्र र संविधान स्थापित गरे, आज तिनै दलहरू मिलेर यसको रक्षा गर्न जरुरी छ ।

राजधानीबाट

# नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार

काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक नौ दशमलव ६६ अङ्कले बढेर दुई हजार छ सय ७६ दशमलव २८ को विन्दुमा कायम भएको हो ।

तीन सय १७ कम्पनीको एक करोड ७३ हजार आठ सय २२ कित्ता शेयर ४५ हजार ९४ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ४८ करोड ४६ लाख १९ हजार सात सय ४० बराबरको कारोबार भएको छ ।

कारोबारमा बैंकिङ र व्यापारबाहेक सबै समूहको उपसूचक हरियो देखिएको छ । बैंकिङ समूह शून्य दशमलव शून्य तीन, र व्यापार समूह शून्य दशमलव ४० प्रतिशतले घटेको हो । सबैभन्दा बढी होटल तथा पर्यटन दुई दशमलव ४४, लगानी एक दशमलव ४८ र उत्पादन तथा प्रशोधन एक दशमलव ३६ प्रतिशतले बढेको छ ।

विकास बैंक शून्य दशमलव २९, वित्त शून्य दशमलव ३४, जलविद्युत् शून्य दशमलव शून्य आठ र जीवन बिमा शून्य दशमलव २२ प्रतिशतले बढेको छ । त्यस्तै, लघुवित्त शून्य दशमलव २२, म्युचुअल फण्ड शून्य दशमलव ५९, निर्जीबन बिमा समूह शून्य दशमलव ५६ र अन्य समूह शून्य दशमलव ३६ प्रतिशतले बढेको छ ।

नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९८ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सिन्धु विकास बैंक लिमिटेडको शेयर मूल्य आठ दशमलव शून्य पाँच प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको रु ४२ करोड ७५ लाख ६८ हजार चार सय ७७ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी कुमारी इक्विटी फण्डको १० लाख १० हजार एक सय ७६ कित्ता शेयर किनबेच भएको छ ।

# पूर्वाधार पुनर्निर्माणसँगै फेरियो विद्यालयको मुहार

राँझा (बाँके) । बर्सातमा पानी चुहिएर पठनपाठनमा समस्या हुने गरेको बैजनाथ गाउँपालिका-१ चिसापानीस्थित रारा माध्यमिक विद्यालयका भवनमा नयाँ जस्तापाता र रङरोगनपछि चिटिक्क देखिएको छ ।

नयाँ शैक्षिक सत्रको सुरुआतसँगै विद्यालयको भौतिक पूर्वाधार पुनर्निर्माण भएपछि यतिबेला विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावक सबै खुसी देखिएका छन् । शौभाग्य शाह फाउण्डेसनले विद्यालय भवनमा जीर्ण भएको छानामा नयाँ जस्तापाताले पुनर्निर्माण गर्नुका साथै भवनमा रङरोगन गरिदिएपछि विद्यालयको मुहार नै फेरिएको प्रधानाध्यापक मानबहादुर खड्काले बताए ।

उनका अनुसार बर्खायाममा पानी चुहिएर पढ्न नमिल्ने अवस्थामा पुगेको विद्यालयको तीन भवनमा जस्तापाता फेर्नुका साथै भवन रङ्गरोगन गरिएको हो । रङ्गरोगन पछि यतिबेला विद्यालय भवन तथा मुख्य प्रवेशद्वार आकर्षक देखिएका छन् ।

विद्यालयको भौतिक पूर्वाधारको अवस्था दयनीय रहेकाले फाउण्डेसनले सामाजिक कार्यअन्तर्गत विद्यालयलाई रु १३ लाख बराबरको भौतिक पूर्वाधार तथा खेल सामग्री सहयोग गरेको फाउण्डेसनका अध्यक्ष अनुपविक्रम शाहले बताए ।

"रारा माध्यमिक विद्यालयको भवन भए पनि बर्खामा पानी चुहिएर पढ्नै नमिल्ने अवस्था थियो, तीन वटा भवनमा जस्तासहित सम्पूर्ण विद्यालय रङरोगन गरेर बच्चालाई पानी चुहिनबाट बचाउने काम गरेका छौँ, भलिबल र टेबल टेनिस कोर्ड तथा खेल सामग्री पनि सहयोग गरेका छौँ", उनले भने-"हाम्रो परिवारले दाईको सम्झनामा शौभाग्य शाह फाउण्डेसन स्थापना गरेर सामाजिक, स्वास्थ्य, वातावरण र शिक्षा क्षेत्रमा काम गर्दै आएका छौँ ।"

शैक्षिक क्षेत्रका अग्रणी व्यक्तित्व डा शौभाग्य शाहको १५ वर्षअघि हृदयाघातबाट निधन भएको थियो । स्व. डा. शाहको सम्झनामा परिवारले फाउण्डेसन स्थापना गरेर सामाजिक कार्य गर्दै आएको छ । वडा नम्बर १ का वडाध्यक्ष रुपबहादुर मल्लले शौभाग्य शाह फाउण्डेसनले विद्यालयलाई गरेको सहयोग अविस्मरणीय रहेको जनाए । उनले माध्यमिक तहको विद्यालय चलाउन अझैं पनि समस्या भएकाले आगामी दिनमा पनि यस्ता सहयोगलाई निरन्तरता दिन फाउण्डेसनलाई आग्रह गरे ।

फाउण्डेसनले बाँकेको बैजनाथ-१ मै रहेको सूर्योदय मावि चिसापानीमा पनि कम्प्युटर, ल्यापटप, बास्केटबल र भलिबल कोर्ट, शुद्ध खानेपानी व्यवस्था, खेलकुद सामग्रीमा करिब रु १५ लाख बराबरको सहयोग गरेको थियो ।

## अन्तर्राष्ट्रिय...

'लुम्बिनी प्रदेशका निजी क्षेत्रका नेताहरुसँग छलफल गरेर उहाँहरुको अगुवाइमा आन्दोलन गर्छौं, अनि आन्दोलनले पनि सार्थकता पाउँछ,' आचार्यले भने-'नेतृत्व जसले गरे पनि फरक पर्दैन ।' विमानस्थल सञ्चालनका लागि सिद्धार्थनगर नगरपालिकासहित यहाँ रहेका सम्पूर्ण पालिकाले पहल गर्नुपर्ने उनको माग छ । संघीय सरकारले विमानस्थल सञ्चालनका लागि सहयोग गरेन,' उनले भने-'स्थानीय सरकारले पनि यसमा सहयोग गरेको अवस्था छैन ।'

सरकारले गरेको सहमति पालना नगर्दा बारम्बार आन्दोलन गर्नुपर्ने बाध्यता रहेको छ, विमानस्थल निर्माण हुने तर, सञ्चालन नहुने अवस्था दुर्भाग्यपूर्ण रहेको बताउँदै यस क्षेत्रका व्यवसायीहरुले रुपन्देहीको विकासका लागि विमानस्थल सञ्चालन गराउनका लागि सम्पूर्ण संघ-संस्थाहरु एकढिक्का भएर अगाडि बढ्नुपर्ने बताए ।

सिद्धार्थ उद्योग वाणिज्य संघका महासचिव कृष्णप्रसाद घिमिरेले विमानस्थल नियमित सञ्चालनका लागि सरकारले इच्छा नदेखाएको बताए । सरकारले पटकपटक आश्वासन दिए पनि विमानस्थल पूर्ण र नियमित सञ्चालन हुन नसकेको उनको भनाइ छ ।

नेपाल एशोसिएशन अफ टूर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) लुम्बिनी प्रदेशका अध्यक्ष चन्द्रबहादुर थापाले नियमित अन्तर्राष्ट्रिय उडानको सुनिश्चितता हुन नसक्दा व्यवसायी लगानी गर्नबाट पछाडि हटिरहेको बताए । 'सम्भावना भए लगानी गर्ने हो, नियमित अन्तर्राष्ट्रिय उडान हुन सकेको अवस्था छैन, सम्भावना नभइन कसरी लगानी गर्ने ?'-उनले भने ।

संयुक्त संघर्ष समितीले रुपन्देही, कपिलवस्तु, पश्चिम नवलपरासी र पाल्पाका निजी क्षेत्रसँग मिलेर संयुक्त आन्दोलन गर्ने र लुम्बिनी प्रदेशका अन्य जिल्लाहरुमा पनि निजी क्षेत्रसँग सहकार्य गरी आन्दोलन चर्काउने चेतावनी उद्योगी व्यवसायीको छ। एकआध बाहेक यसअघि उडान भरेका विमान कम्पनीमा यात्रुको संख्या राम्रो भएको, तर विमानस्थल संचालनका लागि संघ सरकारले बेवास्ता गरेको आरोप उनीहरुको छ ।

विमानस्थल संचालनमा प्रदेश र स्थानीय सरकारले कुनै भूमिका नखेलेको निष्कर्ष निजी क्षेत्रको छ। सरकारले गौतमबुद्ध विमानस्थललाई डाइभर्सनको रुपमा जस्तै प्रयोग मात्र गरेको दावी उनीहरुले गरेका छन् ।

गत वर्ष निजी क्षेत्रको अगुवाईमा हप्तौं दिनसम्म विमानस्थल अगाडि प्रदर्शन भएको थियो। त्यसबेला सरकारी तहबाट पूर्णक्षमतामा विमानस्थल संचालन गर्ने प्रतिबद्धता भए पनि अहिले पूर्णरुपमा बेवास्ता गरिएको आरोप व्यवसायीको छ। पछिल्लो पटक करिब तीन महिनासम्म भैरहवामा उडान भर्दै आएका जजिरा, फ्लाई दुबई, एयर एशिया लगायतका विमान कम्पनीले उडान स्थगित गरेका छन् ।

संघर्ष समितिले अध्यागमन कार्यालय पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्ने, श्रम स्वीकृति कार्यालय पूर्ण रुपमा नै सुविधा सम्पन्न र आधुनिक गराउनु पर्ने, गाम्कालगायत स्वास्थ्य परीक्षण कार्यालय स्थापना गरी सञ्चालन गर्नु पर्ने, भिसा सेन्टर कार्यालय भैरहवामै सञ्चालन गर्नुपर्ने माग गरेको छ।

यस्तै म्यानपावर कम्पनीलाई विना झन्झट स्वीकृति दिनुपर्ने, मन्त्रिपरिषदबाट गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्ने हवाईजहाजलाई दिने प्रतिबद्धता अनुसारको सुविधा तत्काल दिनुपर्ने, अन्तर प्रदेश आन्तरिक उडान बढाउँदै लानुपर्ने, छिमेकी मुलुक भारतलगायत तेस्रो मुलुकमा अन्तर्राष्ट्रिय उडान थप गर्दै लानुपर्ने माग छ। यस्तै तत्काल अन्तर्राष्ट्रिय उडान सुचारु गर्नुपर्ने,नेपाल एयरलाइन्स लगायत बुद्धिष्ट देशका वजेट एयरलाइन्स भैरहवाबाट सञ्चालन गर्नुपर्ने, वैदेशिक रोजगारमा जाने सम्पूर्ण कामदारहरुलाई भैरहवाबाट नै उडान गर्नुपर्ने, नेपाल एयरलाइन्सले टिकट बिक्री खुल्ला गरी नियमित उडान भैरहवाबाट सुरु गर्नुपर्ने, कार्गो सेवा सञ्चालन गर्नुपर्ने, नेपाल एयरलाइन्सको न्यारोवडी भैरहवामै वेस गराई दैनिक अन्तर्राष्ट्रिय उडान सुचारु गर्नुपर्ने, अध्यागमन कार्यालयबाट पर्यटकहरुलाई अनलाइन इ-भिसा र डिजिटल भुक्तानी सेवा दिनुपर्ने माग गरेका छन् ।

## सरकारको...

वर्तमान सरकारको बाँकी अवधिमा राम्रो काम गर्न, भ्रष्टाचार हुन नदिन नेपाली कांग्रेसले सरकारलाई सहयोग र खबरदारी दुबै एक साथ गर्नुपर्ने थापाले बताए ।

थापाले नेपालको राजसंस्था संवैधानिक भएर नबस्ने ठोकुवा गर्दै संवैधानिक राजसंस्थाको वहस बेकार भएको बताए । गणतन्त्रमा थुप्रै कमजोरी र समस्या रहेको स्वीकार्दै उनले समस्यालाई हटाउनुपर्ने तर गणतन्त्रको विकल्प नहुने बताए । 'कि राजाको शासन कि जनताको शासन यो दुई विकल्प मात्र छ, नेपालको राजसंस्था संवैधानिक भएर बस्दैन ।'-थापाले भने ।


# Shitaganga Municipality
## Office of Municipal Executive
Thada, Arghakhanchi

## Invitation for Bid

Date of publication: 2081-12-28 (10th April ,2025)

Shitaganga Municipality, Office of the Municipal Executive, Thada, Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system. All others information and bid document can be downloaded from PPMO's e-GP systemwww.bolpatra.gov.np/egp.For detail information contact in office.

***Information to deposit the cost in the Bank:,***

Name of the Bank: RastiyaBanijyaBank, Thada, Arghakhanchi
Name of Office: Shitaganga Municipality, Thada, Arghakhanchi
Rajaswa (Internal revenue) Account no. : 3380100301010003(For Bid Document)
DharautiKhata no.:3380100303010003 (For Bid Security)

| Tender No. | Name of Project | Bid Price(Non Refundable) | Bid Security Amount In NRs | Bid security valid period | Last date of Bid submission | Bid Open | Estimated Amount (including VAT&P.S) |
|---|---|---|---|---|---|---|---|
| 46-SM/G02/SQ/2081/082 | Supply and Delivery of Different Sizes of HDPE Pipe (PE-100)(NS-40) | 1000.00 | 35,000.00 | 75 Days | 13th May 2025. 12:00 noon | 13th May 2025. 13:00 noon | NRs. 16,61,524.90 |
| 73-SM/W46/NCB/2081/082 | Construction of Industrial Village at Thaplebari | 3000.00 | 2,50,000.00 | 120 Days | | | NRs. 1,01,58,166.57 |

Chief Administrative Officer



# डिभिजन वन कार्यालयको अनुरोध

मानव वन्यजन्तुको द्वन्द्व न्यूनीकरणको लागि आपसी सहयोग, समन्वय र सहकार्य गरौं, सहअस्तित्वमा बाँच्न सिकौं ।

- वृक्षारोपण गरौं, वनको संरक्षण गरौं ।
- वन जोगाऊ, वनले हामीलाई जोगाउँछ ।
- रोपण गरिएका बिरुवाहरुको संरक्षण गरौं ।
- सम्पूर्ण उपभोक्ताहरुले आ-आफ्नो दायित्व पूरा गरौं ।
- वनजंगल प्रवेश गर्दा निषेधित वस्तुहरु लिई प्रवेश नगरौं ।
- वन पैदावारमा आत्मनिर्भर बनौं ।
- वैज्ञानिक वन व्यवस्थापन सफल पार्न चरिचरण, अतिक्रमण र वन डढेलोबाट जोगाऔं ।
- हरेक प्रकारको प्रदुषण न्यूनीकरण गरौं ।
- रुख जोगाई मानव जीवन बचाऔं ।
- वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण गरौं ।
- वनमा आगो लगाउनु महापाप हो, त्यसैले वनमा आगो नलगाऔं ।
- वन डढेलोले पानीका मुहान सुकाउँछ, त्यसैले वनमा आगो नलगाऔं ।

अनुरोधक
## डिभिजन वन कार्यालय अर्घाखाँची
सन्धिखर्क, अर्घाखाँची



# गण्डकी प्रदेश सरकार
## भौतिक पूर्वाधार विकासल तथा यातायात व्यवस्था मन्त्रालय
### पूर्वाधार विकास निर्देशनालय
# पुर्वाधार विकास कार्यालय
नवलपरासी (वर्दघाट सुस्तापुर्व)
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

(सूचना प्रकाशित मिति २०८१ /१२/२८)

यस कार्यालयबाट मिति २०८१।१२।११ मा राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको तेस्रो पटकको सुचना वमोजिम बिभिन्न देहाय बमोजिमका ठेक्काहरुमा E–GP system (www.bolpatra.gov.np/egp) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.क. र पि.एस. समेत) NRs |
|---|---|---|---|
| 1 | Contract IDIDO-NAW(BSE)-W-NCB-41-2081/82(re2), Birendra Aadharbhut Bidhyalaya dekhi Kori Jane Sadak, Gaindakot | Surya Shree Construction ,Bharatpur 12, Chitawan | 2722157.21 |
| 2 | Contract IDIDO-NAW(BSE)-W-NCB-43-2081/82, (re2Faram chautara marga nala nirmanko faram sahait kalopatre,Devchuli 17 | Rambo Construction, Nawalparasi East | 2876435.60 |
| 3 | Contract ID: IDO-NAW(BSE)-W-SQ-07-2081/82(re), Raikaghat Aamdanda Raudi Deurali Byagan Krishi Sadak, Boudikali | Sarbashrestha construction and suppliers, Baudhikali Dedgauan | 1748680.36 |

कार्यालय प्रमुख



# स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.
Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था (प्रादेशिकस्तर कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रुपन्देही

## आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/१२/२७)**

**श्री शेयरधनी महानूभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८१/१२/२५ गते बसेको संचालक समितिको निर्णयानुसार संस्थाको आठौं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**
**मितिः** २०८२/०१/१९ गते शुक्रबार, तदनुसार २ मे, २०२५
**समयः** अपरान्ह ११.०० बजे
**स्थानः** स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.को केन्द्रीय कार्यालय, तिलोत्तमा- ५, रुपन्देही ।

**छलफलको विषय सूची :**

**क. सामान्य प्रस्ताव :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्युबाट प्रस्तुत हुने आर्थिक बर्ष २०८०/०८१ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षण प्रतिवेदन सहितको २०८१, आषाढ मसान्तको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनूसुचीहरु समेत) छलफल गरी पारित गर्ने ।
(३) आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने ।
(४) आ.व. २०८०/०८१ सम्मको कूल संचित वितरण योग्य मुनाफाबाट संस्थाको चूक्ता पूँजीको ०.२६३२ प्रतिशतले हुन आउने रकम रु.३,८४,५७५.२१ (अक्षरेपी रु. तीन लाख चौरासी हजार पांच सय पचहत्तर र पैसा २१/१००) बराबरको नगद लाभांश (कर प्रयोजनको लागि) बितरण गर्न स्वीकृत गर्ने ।
(५) रिक्त संचालक पदमा मनोनयन बारे ।

**ख. बिशेष प्रस्ताव :**

(१) आ.व. २०८०/०८१ सम्मको कूल संचित वितरण योग्य मुनाफाबाट संस्थाको चूक्ता पूँजीको ५ प्रतिशतले हुन आउने रकम ७३,०६,९२९। (अक्षरेपी रु. त्रिहत्तर लाख छ हजार नौ सय उनूनतीस) बराबरको बोनश शेयर जारी गर्न स्वीकृत गर्ने ।
(२) वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्ध पत्रमा संशोधन गर्ने ।
(३) वित्तीय संस्थाको प्रबन्धपत्र आवश्यक संशोधन सम्बन्धमा ।
(४) संस्थाको प्रबन्धपत्र संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरवदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थप ३६, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**ग.विविध :**

**साधारण सभाको सन्दर्भमा शेयरधनी दर्ता किताब बन्द रहने सूचना :**

मिति २०८२/०१/११ गते वित्तीय संस्थाको दर्ता बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०१/१० गते सम्म कारोवार भई प्रचलित कानुन बमोजिम शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन र मतदान गर्न सक्ने निर्णय गरियो ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**नोट : अन्य विस्तृत जानकारीको लागि मिति २०८१/१२/२७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका हेर्नुहुन अनुरोध छ ।**



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
### सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
### तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
### विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# तरकारी खेतीबाट वार्षिक २० लाख आम्दानी गर्दै थापा दाजुभाइ



रामपुर (पाल्पा) । पत्थरीलो उजाड जमिन हराभरा भएर कमाइ गर्ने माध्यम होला भन्ने पहिला कसैलाई लागेको थिएन । इँटा पोलेर प्रयोगविहीनजस्तै बनेको जग्गामा खेती गरेर आम्दानी हुन्छ भन्ने कल्पना पनि गरिएको थिएन ।

रामपुर नगरपालिका-४ देवीस्थानका दिलबहादुर थापा र लालबहादुर थापाले हातमा सीप, आफूमा जाँगर, इच्छा शक्ति भयो भने इँटा पोलेर फालिएको पत्थरीलो जग्गा पनि हराभरा बनाउन सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरे । दाजुभाइको निरन्तरको मेहनत र पसिनाले पत्थरीलो जमिनलाई मलजल, सिँचाइ व्यवस्थापन गर्दै जाँदा अहिले कमाउने आधार बनेको छ ।

थापा दाजुभाइ एक दशक वैदेशिक रोजगारबाट फर्केर तरकारीखेतीमा लाग्नुभएको छ । उनीहरूले करिब दश रोपनी जग्गा भाडामा लिएर तरकारीखेती गरिरहेका छन् ।

थापा दाजुभाइले हाम्रो आधुनिक कृषि फार्म' दर्ता गरेर विगत छ वर्षदेखि बेमौसमी तरकारी उत्पादन गर्दै आइरहेका छन् । हाल यहाँ काँक्रा, करेला, गोलभेँडा, धारे घिरौला, फर्सीको सागबालीलगायत खेती भइरहेका छन् । काँक्रा उत्पादनको समय भएकाले बिक्री गर्न भ्याइनभ्याइ भइरहेको दिलबहादुरले बताए । दैनिकजसो दुई क्विण्टलसम्म काँक्रा बिक्रीका लागि फार्मबाट निकाल्ने गरिएको उनले जानकारी दिए ।

"फार्ममा यतिबेला काँक्राको उत्पादन प्रशस्त भएको छ । काँक्रा टिप्ने, बजार लैजानमा दौडधुप बढेको छ, बेमौसमीयामको उत्पादन भएकाले बजारमा माग पनि बढी छ, फार्ममा पनि ग्राहक तथा व्यापारी खरिद गर्न आउनुहुन्छ ।"-उनले भने ।

काँक्राबाहेक गोलभेँडा, धारे घिरौला, करेला, फर्सीको साग उत्पादन भइरहेको छ । चैतदेखि उत्पादन सुरु भएको काँक्रा हालसम्म १७ क्विण्टल बिक्री गरिएको बताउँदै अझै एक महिनासम्म उत्पादन दिइरहने दिलबहादुरले जानकारी दिए ।

उनका अनुसार वार्षिक रु २० लाख बराबरको तरकारीखेतीबाट कारोबार भइरहेको छ । आगामी वर्ष थप रु १५ लाख नाफा गर्ने लक्ष्यसहित जेठमा उत्पादन दिनेगरी काँक्राको नयाँ बिरुवा लगाउने तयारी भइरहेको उनले बताए ।

"खेती गर्ने समय र प्रविधि जानियो भने बिक्रीको समस्या हुँदैन, हामीले अन्य क्षेत्रमा तरकारी उत्पादन नहुने समय मिलाएर खेतीमा जोड दिएकाले राम्रो बजार पाएका छौँ, बजारका लागि अन्यत्र धाउनुपरेको छैन", दिलबहादुर भने-"गाउँकै बजारमा अहिलेसम्म लागतअनुसारको मूल्य पाइएको छ, यसमा हामी सन्तुष्ट छौँ ।" थोपा सिँचाइ, मल्टिङ प्लाष्ट्रिक, व्यवस्थित फलामे डण्डीको व्यवस्था गरेर दीर्घकालीन रूपमा व्यावसायिक खेती गरिएको उनको भनाइ छ ।

"सिँचाइका लागि इनारबाट पानी निकालेर आपूर्ति भइरहेको छ । बजार नजिकै र फार्मसँग सडक सुविधा भएकाले व्यापार गर्न सजिलो भएको छ । बाह्रै महिना विभिन्न जातका तरकारी पाइने हुँदा व्यापारी तथा ग्राहकको हरेक समय फार्ममा चहलपहल रहन्छ ।"-उनले भने । गोलभेँडा हालै मात्रै ८० क्विण्टल उत्पादन भएको जनाउँदै लालबहादुरले फार्ममा अझै बिक्रीका लागि रहका उल्लेख गरे । उनका अनुसार रामपुर बजारका साथै पाल्पाको सदरमुकाम नजिकै रहेको आर्यभञ्ज्याङ बजारमा पनि काँक्रा खपत भइरहेको छ ।

"बाहिरका विभिन्न बजारबाट माग आइरहेको हुन्छ, हाम्रो लक्ष्य भनेको स्थानीय बजारमा खपत गराउने हो, व्यापारी तथा ग्राहकले फार्मबाटै तरकारी खरिद गर्नुहुन्छ, हामीले स्थानीयलाई रित्तो हात पठाएका छैनौँ, अहिलेको उत्पादन स्थानीय बजारमै ठिक्क छ ।"-उनले भने ।

चितवन, बुटवललगायत क्षेत्रमा भन्दा यहाँको बजारमा तरकारीले प्रशस्त मूल्य पाएको लालबहादुरले सुनाए । किसानले उत्पादनमा जोड दिने हो भने बाहिरी तुलनामा स्थानीय बजारमा बिक्री गर्दा मूल्य बढी पाइने उनको अनुभव छ । सिँचाइका लागि विद्युत् प्रयोग गर्नुपर्ने भएकाले विद्युत् बन्द भएका समय समस्या हुने गरेको उनले बताए ।

# जनउत्थान लघुवित्तले मनायो १५औं वार्षिकोत्सव



बुटवल । जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्था स्थापनाको १५औं वार्षिकोत्सव विभिन्न कार्यक्रमहरु गरी मनाइएको छ । संस्थाको शाखा कार्यालय बुटवलको आयोजनामा १५औं वार्षिकोत्सव समारोह तथा बैंकिङ्ग समुदाय सदस्यहरुको लागि प्रशिक्षण कार्यक्रम वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष डा.मानबहादुर वीकेको अध्यक्षतामा सम्पन्न भएको हो ।

उक्त कार्यक्रममा जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र लुम्बिनी वाणिज्य क्याम्पस बुटवलबिच क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको लघुवित्त, सामुदायिक वित्त, उद्यमशीलता, हरित विकासको क्षेत्रमा करियर निर्माण गर्ने तथा ती क्षेत्रहरूको प्रवर्द्धनका लागि प्लेटफर्म सिर्जना गर्ने गराउने उद्देश्यले समझदारी पत्रमा हस्ताक्षरगरिएको छ । साथै, सोही अवसरमा वित्तीय संस्थाको नयाँ ब्रसरको समेत विमोचन गरिएको थियो ।

कार्यक्रममा बोल्दै वित्तीय संस्थाका अध्यक्ष विश्वकर्माले १५औं वर्षसम्मको निरन्तर यात्रामा सहयोग गर्नेहरुलाई आभार प्रकट गर्दै आगामी दिनहरुमा समेत लक्षित उद्देश्यप्रति दृढ रही अझ सुदृढ, सरल र विश्वसनीय सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे । अध्यक्ष बिकले ६० हजार बढी सदस्य रहेको ३९ शाखाबाट कार्यसम्पादन भैरहेको बताए ।

लुम्बिनी वाणिज्य क्याम्पस बुटवल प्रमुख डा.ताराप्रसाद उपाध्यायले लघुवित्तले एकदमै महत्वपूर्ण कार्य गरेको जानकारी प्राप्त भएको बताउँदै सहकार्य सम्झौता भएकोले उद्देश्य पूरा हुने बताए । उनले सीप र प्रविधि बिनाको ज्ञानको उपलब्धि नहुने बताउँदै यसतर्फ ध्यान दिन आग्रह गरे ।

संस्थापक तथा पूर्व अध्यक्ष बाबुराम विश्वकर्माले लघुबित्तबाट ऋण लिएको रकम उत्पादनमूलक क्षेत्रमा मात्रै लगाउन सुझाए । उनले ऋण तिर्नु पर्दैन भन्ने हल्लाको भरमा नलागि स्वावलम्बी बन्न आग्रह गरे ।

सयुक्त बचत केन्द्र बुटवल ११ समूह उपप्रमुख अनिता विश्वकर्माले लघुवित्तले बिनाधितो र सामान्य ब्याजमा ऋण पाएकोमा खुसी लागेको बताइन् । उनले यताबाट लगेको रकमले उद्यमी बन्नको लागि काम भइरहेको बताइन् ।

कार्यक्रममा कार्यकारी प्रमुख सुनिल कुमार राय , नायब प्रमुख कार्यकारी अधिकृत सूर्यप्रसाद उपाध्याय, विभागीय प्रमुख ईन्द्र बरालीलगायतले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा अध्यक्ष बिक र प्रशिक्षक यज्ञ बिक्रम शाहीले प्रशिक्षण समेत प्रदान गरेका छन् । कार्यक्रममा भरतकुमार रशाली, टोपबहादुर सुनार, गंगा नेपाली र शर्मीला बिकलाई सम्मान समेत गरिएको थियो । नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजतपत्र प्राप्त जनउत्थानका १९ जिल्लामा कार्यक्षेत्र रहेको छ ।

**शाखा कार्यालयहरूमा विभिन्न कार्यक्रम**

१५औं वार्षिकोत्सवको सन्दर्भमा संस्थाका ३९ वटै शाखा कार्यालयहरु मार्फत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न सामाजिक क्रियाकलापहरुहरु भएका छन् । संस्थामा आवद्ध सदस्यहरुको लागि बिउ विज नवितरण गर्ने, रक्तदान कार्यक्रम, सरसफाइ सरसफाइ तथा डस्टविन वितरण कार्यक्रम, खाद्यन्न वितरण, मन्दिरमा डष्टविन वितरण, फोहर व्यवस्थापनकालागि डस्बिन वितरण, खेलकुद सामग्री वितरण, मन्दिर परिसर सरसफाई तथा गोडमेल कार्यक्रम, ग्राहकहरु संग अन्तरक्रिया कार्यक्रम, सुस्त मनस्थितीहरुको लागि राहत सामाग्री वितरण कार्यक्रमलगायतका कार्यक्रमहरु गर्नुका साथै सम्पूर्ण शाखा कार्यालयहरुबाट सृर्जनात्मक कार्यहरु गरी मनाएको जनाइएको छ ।

वित्तीय संस्थाले आफ्नो १५औं वर्ष सम्मको यात्रामापूर्वको पर्सादेखि पश्चिमको कञ्चनपुर सम्मका ११ वटा तराईका जिल्लाहरु र थप ८ वटा पहाडी जिल्लाहरु गरी जम्मा १९ वटा जिल्लाहरुमा ३९ वटा शाखाकार्यालय मार्फतहाल सम्म करिव ५० हजार जना सेवाग्राहीलाई सेवाप्रवाह गर्नुका साथै समुह सदस्यको मागमा आधारित विभिन्न सीप मूलक तालीमहरु, वित्तीय साक्षरता अभियान तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित सेवाहरु समेत प्रदान गर्दै आएको छ ।

### भैरहवामा तेस्रो लिङ्गी समुदायः

# स्वीकारोक्ति र संघर्षको दोधारमा

भैरहवा । नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको पहिचान र अधिकारका विषयमा केही प्रगति भए पनि सामाजिक स्वीकृतिको विषय अझैं पनि चुनौतीपूर्ण छ । भैरहवा क्षेत्र तेस्रो लिङ्गीहरूको बाक्लो उपस्थिति रहेको स्थानहरूमध्ये एक हो, जहाँ उनीहरू जीवनयापनका लागि संघर्षरत छन् ।

**रातको जीवन र दिनको चुनौती**

भैरहवाका मुख्य चोकहरूमा राति प्रायः लजालु हाँसो र मायालु नजरहरू देख्न सकिन्छ । कतिपय तेस्रो लिङ्गीहरू रेष्टुरेण्ट, ब्यूटी पार्लर, र साना व्यवसायमा आबद्ध छन् भने कतिपय यौन व्यवसायमा संलग्न छन् । यौन व्यवसायमा लाग्न बाध्य पारिनेहरू भन्छन्-'हामीलाई समाजले सहज रूपमा काम दिन मान्दैन । जब अरू विकल्प हुँदैन, पेट पाल्न जे गर्न पनि तयार हुनुपर्छ ।'

सार्वजनिक स्थानमा उनीहरूलाई हेर्ने दृष्टिकोण अझैं पनि परम्परागत छ । कतिपयलाई त तेस्रो लिङ्गी भन्ने बित्तिकै 'विचित्र प्राणी' जस्तै व्यवहार गरिन्छ । 'जब समाजले स्वीकार्दैन, जागिर पाइँदैन, घरले अँगाल्दैन भने हामी कहाँ जाने ?'-नाम बताउन नखोज्ने भैरहवाकी एक तेस्रो लिङ्गी अधिकारकर्मी भन्छिन् ।

स्थानीय निकायहरूले केही सहयोग गर्ने प्रयास गरेका छन्, तर अहिलेसम्म त्यस्तो प्रकृया सुरु नगरिएको बताउँछिन्, अर्को नाम नबताउने तेश्रो लिङ्गी ।

यद्यपि अवस्था कठिन छ, केही संस्थाहरू तेस्रो लिङ्गी समुदायको सशक्तीकरणका लागि प्रयासरत छन् । 'हामीलाई पहिचानमात्रै होइन, समान अवसर पनि चाहिन्छ ।'- नाम नबताउने शर्तमा महेन्द्रसभा गृह अगाडि सडक किनारमा ग्राहकको पर्खाइमा बसेकी एक तेस्रो लिङ्गीले भनिन् ।

सामाजिक चेतनामा सुधार हुँदै गएको संकेतस्वरूप, केही व्यक्तिहरूले आफ्ना छोराछोरीलाई खुलेर तेस्रो लिङ्गी भएको बताउन थालेका छन् । विद्यालयस्तरमै लैंगिक समानताका विषयमा चर्चा हुन थालेको छ ।

भैरहवा शहरको मुटुमा तेस्रो लिङ्गी समुदाय संघर्ष गरिरहेको छ । अस्तित्वका लागि, सम्मानका लागि, समान अवसरका लागि । जबसम्म समाजले यिनीहरूलाई सामान्य नागरिकसरह व्यवहार गर्न सिक्दैन, तबसम्म उनीहरूको यो दोधारको यात्रा जारी रहनेछ ।

समाजले परिवर्तन अंगाल्न तयार छ भने मात्र भैरहवाका तेस्रो लिङ्गीहरूको जीवन साँच्चै सहज बन्न सक्छ । अब प्रश्न उठ्छ– हामी कति चाँडो यो परिवर्तनलाई स्वीकार्न सक्छौं ?

» *भिम कार्की ( प्रशिक्षार्थी )*


लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
लुम्बिनी आयुर्वेद चिकित्सालय
बुटवल, रुपन्देही

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०८१/१२/२८

लुम्बिनी आयुर्वेद चिकित्सालयको कार्यक्रम करारमा रिक्त रहेको तपशिल बमोजिमको पदमा लुम्बिनी प्रदेश "करार कर्मचारी व्यवस्थापन कार्यविधि २०८०" बमोजिम चालु आ.व. २०८१/८२ को असार मसान्त सम्मको लागि सेवा करारमा पदपूर्ति गर्न पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट करार कर्मचारी व्यवस्थापन कार्यविधिमा तोकिएको ढाँचा बमोजिमको फारम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा दरखास्त पेश गर्नुहुन आह्वान गरिन्छ ।

| विज्ञापन नं | पद/ तह | आवश्यक संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| ०१/२०८१/०८२ | स्टाफ नर्स /पाचौँ | ३(तीन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट पि. सि. एल नर्सिङ वा सो सरहको उपाधि प्राप्त गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको | करार कर्मचारी व्यवस्थापन कार्यविधिमा तोकिए बमोजिम | ५००/- |

**परीक्षा केन्द्र र परीक्षा मितिः** लुम्बिनी आयुर्वेद चिकित्सालय, परिक्षा मिति अर्को सूचना मार्फत जानकारी गराइनेछ ।
**तलब सुविधाः** स्टाफ नर्स पद पाँचौं तहको सुरु तलब स्केल बमोजिम हुनेछ ।
**दरखास्त दस्तुर दाखिला विवरणः**
**कार्यालयको नामः** लुम्बिनी आयुर्वेद चिकित्सालय **कार्यालय कोडः** ३७००१४८०५५
- राजस्व खाता नंः १४२२४ (परीक्षा दस्तुर) **बैंक खाता नंः** १०००१००२०००१०००० (राष्ट्रिय वाणिज्य बैक)
- थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

पदपूर्ति समिति



## डिभिजन वन कार्यालयको अनुरोध

मानव वन्यजन्तुको द्वन्द्व न्यूनीकरणको लागि आपसी सहयोग, समन्वय र सहकार्य गरौं, सहअस्तित्वमा बाँच्न सिकौं ।

- वृक्षारोपण गरौं, वनको संरक्षण गरौं ।
- वन जोगाऊ, वनले हामीलाई जोगाउँछ ।
- रोपण गरिएका बिरुवाहरुको संरक्षण गरौं ।
- सम्पूर्ण उपभोक्ताहरुले आ-आफ्नो दायित्व पूरा गरौं ।
- वनजंगल प्रवेश गर्दा निषेधित वस्तुहरु लिई प्रवेश नगरौं ।
- वन पैदावारमा आत्मनिर्भर बनौं ।
- वैज्ञानिक वन व्यवस्थापन सफल पार्न चरिचरण, अतिक्रमण र वन डढेलोबाट जोगाऔं ।
- हरेक प्रकारको प्रदुषण न्यूनीकरण गरौं ।
- रुख जोगाई मानव जीवन बचाऔं ।
- वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण गरौं ।
- वनमा आगो लगाउनु महापाप हो, त्यसैले वनमा आगो नलगाऔं ।
- वन डढेलोले पानीका मुहान सुकाउँछ, त्यसैले वनमा आगो नलगाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
कपिलवस्तु(गौतमबुद्ध)
चन्द्रौटा, कपिलवस्तु



आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



प्रो. मञ्जु एण्ड सन्स
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्



सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com